


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस ७ गते बुधबार ❑ 22 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## सभामुखको साथमा छौँ : अध्यक्ष नेपाल

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ पुस**

नेपाल कम्युनिष्ट पार्टी( एकीकृत (समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटाको साथमा आफ्नो पार्टी रहेको बताउनुभएको छ।

पार्टीको गण्डकी प्रदेश कमिटीले मंगलबार पोखरामा आयोजना गरेको प्रदेशस्तरीय कार्यकर्ता प्रशिक्षणमा उहाँले कानुनको शासनपालना गर्ने र संविधानको सर्वोच्चताको स्वीकार गर्नेहरुले सर्वोच्च अदालतको फैसला स्वीकार गर्नुपर्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "सभामुखज्यू तपाई एक्लो हुनुहुन्न, तपाईको साथमा हामी




पनि छौँ। दृढताका साथ अगाडि बढनुहोस्।"

तत्कालीन एमाले पार्टीबाट विद्रोह गरेर कम्युनिष्ट आन्दोलन जोगाउन र बचाउन कानूनको आधारमा साहसिक कदम चालिएको उहाँले स्पष्ट पार्नुभयो। अध्यक्ष नेपालले नेपालको राजनीतिमा कम्युनिष्ट पार्टीलाई स्थापित गर्दै मार्क्सवाद र लेनिनवादप्रति पूर्ण प्रतिबद्ध रहेर कम्युनिष्ट मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात् गरी बेतिथि, गरिबीलाई समाप्त गरेर सुन्दर समाजको निर्माणमा आफ्नो पार्टी लाग्ने बताउनुभयो। उहाँले भन्नुभयो, "भिन्न चरित्रको पार्टी बनाउने, क्रान्तिकारी चरित्र, सुसंस्कार बोकेको, आदर्शप्रति प्रतिबद्ध, निष्ठाको राजनीति गर्ने जनताको सेवाको भावनाबाट उत्प्रेरित पार्टी बनाउनका लागिनै आफैले यसअघि बनाएको पार्टीबाट विद्रोह गर्नुपरेको हो।" श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री किसान श्रेष्ठले गण्डकी प्रदेशमा आगामी दिनमा एकीकृत समाजवादीलाई पहिलो पार्टीका रुपमा स्थापित गरिने बताउनुभयो। अहिलेका मन्त्रिपरिषद्का सदस्यले जनमुखी काम गरेको उहाँले उल्लेख गर्नुभयो। प्रदेशस्तरीय प्रशिक्षणमा पार्टीका अन्य नेताले विभिन्न विषयमा प्रशिक्षण दिने कार्यक्रम रहेको छ।

## यस बर्ष ८० प्रतिशत बजेट कार्यान्वयन गर्न अर्थ मन्त्री बरालको निर्देशन

**पोखरापत्र संवाददाता**
**पर्वत, ६ पुस**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले यस चालु आर्थिक बर्ष ८० प्रतिशत बजेट कार्यान्वयन गर्न निर्देशन दिनु भएको छ।

गण्डकी प्रदेशको अर्थ मन्त्रालयले मंगलबार पर्वतमा आयोजना गरेको बजेट कार्यान्वयन र आर्थिक अनुशासन सम्बन्धि अन्तरक्रिया कार्यक्कममा वोल्दै मन्त्रीले सिमित श्रोत साधनको अधिकत्तम प्रयोग गरी न्यूनतम ८० प्रतिशत बजेट कार्यान्वयन हुने गरी काम गर्न प्रादेशीक कार्यालयहरुलाई निर्देशन दीनु भएको हो। कठिन अबस्थाको बाबजुत आफ्नो कार्यभार समयमै सक्ने गरी काम गर्नुपर्ने दाहित्य बोध गर्न आग्रह गर्दै मन्त्री बरालले कसैलाई दोष देखायर उम्किन नपाइने सुझाव समेत दिनु भएको छ। जिल्लामा बास्तविकता बुझ्नको लागि हाल जिल्लागत प्रादेशिक कार्यालयहरुका प्रमुखहरुसंग छलफलमा जुटेको बताउदै मन्त्री बरालले गत बर्षको ७३ प्रतिशत बजेट खर्च भएकोले यस बर्ष थप बजेट खर्च गरी नतिजा दीन चुनौती भएको जनाउनु भयो। नेपालमा अझै पनि परम्परागत कार्यशैलि हुने गरेको मन्त्री बरालले बताउनु भयो।

अर्थ मन्त्रालयका सचिव



बैकुण्ठ प्रसाद अर्यालले पाचौं महिनामै रकमान्तर नहुने बताउनु भयो। उहाँले तेश्रो चौमासिकमा मात्र अबस्था हेरी रकमान्तर गर्न सकिने बताउनु भयो। पर्वत जिल्लाको संक्षिप्त कार्यप्रगती पेश गर्दै सचिव अर्यालले चालु आर्थिक बर्षको पहिलो चौमासिकमा पर्वतमा सडक तर्फ ८ प्रतिशत, भवन तर्फ ३ प्रतिशत मात्र खर्च भएको जनाउनु भयो। स्विकृत भएका कर्मचारीलाईको तलव भत्ताको व्यबस्था गर्ने अर्यालले जनाउनु भयो। पूर्वाधार विकास कार्यालय पर्वतका प्रमुख कृष्ण आचार्यले कार्यक्कम योजना कार्यान्वयनमा द्धन्द, १० लाख भित्रका ५१ वटा योजना, कर्मचारी अभाव र दशैंसम्म पानी परेको कारण बजेट कार्यान्वयनमा कठिनायी भएको बताउनु भयो। रकमान्तर सहित थप ८ करोडको दाहित्य सृजना भएको आचार्यले बताउनु भयो। भू-संरक्षण कार्यालयका प्रमुख शम्भु कुमार सिंहा ले २ लाख देखि २० लाखका ८३ वटा योजनाहरु रहेको बताउनु भयो। बस्ती तथा सार्वजनिक स्थलमा भन्दा व्यक्तिको लागि बजेट विनियोजन भएको उहाँले बताउनु भयो। सिप विकास कार्यालयका सन्तोष पौडेलले तालिमहरु बजार केन्द्रित भएको गुनासो गर्नु भयो। कृषि ज्ञान केन्द्र पर्वतका आसिस पाण्डेले गत बर्ष ४ करोड साना सिंचाई योजनामा परेको बजेट मध्य यस बर्ष करिब ७० लाख मात्र परेको गुनासो गर्नु भयो। स्वास्थ्य कार्यालय पर्वतका निमित्त प्रमुख सन्तोष पौडेलले १८ बर्ष माथिका करिब ८१ प्रतिशत पहिलो चरणको कोरोना बिरुद्धको खोप उपलब्ध गराइएको बताउनु भयो। कोभिड बिरुद्धको खोप व्यबस्थापनको लागि कोल्ड रुम स्थापना गर्न आवश्यक भएको उहाँले बताउनु भयो। जिल्ला आयुर्वेदीक अस्पतालका डा.किरण

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीमा ११ लाख बढीलाई कोरोनाविरुद्धको पूरा डोज खोप

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ पुस**

गण्डकी प्रदेशका ११ जिल्लामा गरी हालसम्म ११ लाख १२ हजार १५८ जनाले कोरोनाविरुद्ध खोपको पूरा मात्रा (फूल डोज) लिएका छन्।

प्रदेश स्वास्थ्य निर्देशनालय पोखराका अनुसार पुस ५ गतेसम्मका तथ्याङ्कानुसार १४ लाख ७२ हजार ३८७ जनाले पहिलो मात्रा र सो सङ्ख्यामा पूरा डोज खोप लिएका छन्।

सरकारले कोरोनाविरुद्ध लड्नका लागि खोप प्रभावकारी हुने भएपछि प्रदेशका सबै जिल्लामा खोप अभियान सञ्चालन गरिरहेको छ। कास्कीमा कोरोना खोपको पहिलो मात्राभन्दा पूरा डोज लिनेको सङ्ख्या बढी छ। तीन लाख ७४ हजार ५५४ जनाले पहिलो मात्रा र तीन लाख ८६ हजार ४१४ जनाले पूरा मात्रा खोप लगाएका छन्। तनहुँमा एक लाख सात हजार ९४३, नवलपरासीमा एक लाख दुई हजार ५८ र स्याङ्जामा एक लाख २४ हजार ५८६ जनाले पूरा मात्रा खोप लिएको प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो।

यसैगरी गोर्खामा ९८ हजार ९३१, म्याग्दीमा ५१ हजार ४७१, लमजुङमा ८७ हजार ८०२, पर्वतमा ६० हजार ७४६, बाग्लुङमा ७४ हजार ५८, मुस्ताङ १३ हजार ५८७ र मनाङमा चार हजार ६१२ जनाले पूरा मात्रा खोप लिएको निर्देशनालयले जनाएको छ।

गण्डकी प्रदेशका कास्की र बागलुङबाहेकका नौ जिल्लामा १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकाका लागि पुस गतेसम्म १४ गतेसम्म मोडर्ना खोपको पहिलो मात्रा खोप अभियान सञ्चालन गरिएको छ। तोकिएका सामुदायिक र संस्थागत विद्यालयमा लगाउन सुरु गरिएको निर्देशनालयका निर्देशक खिमबहादुर खड्काले जानकारी दिनुभयो। यस अभियानमा पहिलो मात्र लगाएकालाई आगामी माघ २ देखि १२ गतेसम्म दोस्रो मात्र दिने कार्यक्रम छ।

मोर्डना खोप अभियानमा लक्षित सङ्ख्या एक लाख ८५ हजार २९८ रहेकामा एक लाख ९४ हजार ४५० डोज खोप प्राप्त भएको निर्देशनालयले जनाएको छ। प्रदेशमा हालसम्म तीन लाख ५४ हजार ८४० जनाको कोरोना परीक्षण गरिएकामा ८८ हजार २८३ जनाको सङ्क्रमण पुष्टि भएको थियो। अहिलेसम्म ८६ हजार ७०९ जना निको भएका छन्। सङ्क्रमणबाट एक हजार ४२५ को निधन भएको जनाइएको छ। सक्रिय सङ्क्रमितको सङ्ख्या १४९ छ।

## थप २९० मा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, ६ पुस**

देशभर पछिल्लो २४ घण्टामा थप २९० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। पछिल्लो २४ घण्टामा १७ हजार ८९ जनाको नमुना परीक्षण गरिएको थियो।

गत २४ घण्टामा २३२ जना कोरोनाबाट निको भएका छन्। यससँगै निको हुनेको सङ्ख्या आठ लाख नौ हजार ३८७ पुगेको छ। निको हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

यससँगै नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा सङ्क्रमितको सङ्ख्या आठ लाख २६ हजार २०६ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ४७ लाख ८४ हजार २३१ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या सात लाख ८९ हजार १२४ पुगेको छ। कोभिडविरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा दुई लाख ४७ हजार ८१४ रहेको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार २४२ रहेको छ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट तीन जनाको मृत्यु भएको छ। यससँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५७७ पुगेको छ।

## निर्वाचन निष्पक्ष र पारदर्शी हुनुपर्छ मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ पुस**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले निर्वाचनलाई निष्पक्ष र पारदर्शी बनाउन निर्वाचन आयोगको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ।

नीति अनुसन्धान प्रतिष्ठानको आयोजना निर्वाचन आयोगको संयोजक एवं नेपाल ल क्याम्पसको सहकार्यमा पोखरामा आज आयोजित 'निर्वाचन प्रणाली सुधार' विषयक संवाद कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले निर्वाचनलाई निष्पक्ष र पारदर्शी बनाउनसके लोकतन्त्र बलियो बन्ने बताउनुभयो। निर्वाचन प्रणाली खर्चिलो बन्दै गएको जनाउँदै उहाँले आम सर्वसाधारण निर्वाचनमा उमेदवार बन्नसक्ने किसिमको कम खर्चिलो बनाउनु अपरिहार्य भएको उल्लेख गर्नुभयो। आयोगको प्रभावकारिताका लागि साधन स्रोत सम्पन्न बनाउनुपर्नेमा जोड दिँदै मुख्यमन्त्री पोखरेलले विद्यमान निर्वाचन प्रणालीलाई सुस्त, दुरुस्त र प्रभावकारी बनाउनुपर्ने



आवश्यकता औँल्याउनुभयो।

प्रदेशका विनाविभागीय मन्त्री डोबाटे विश्वकर्माले समावेशी, समानुपातिक प्रतिनिधित्वले समाजको विपन्न तथा पिछडिएको वर्गले स्थान पाएको बताउनुभयो।उहाँले भन्नुभयो,"विद्यमान निर्वाचन प्रणालीलाई समयसापेक्ष सुधार गर्न आवश्यक छ।" नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष डा विष्णुराज उप्रेतीले विद्यमान निर्वाचन प्रणाली सम्बन्धमा देखिएका समस्याबारे सुझाव सङ्कलन गरी प्रतिष्ठानले सम्बन्धित निकायमा सिफारिस गर्ने बताउनुभयो।

पूर्वनिर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले निर्वाचन प्रणालीलाई खर्चिलो बनाउनबाट रोक्नुपर्नेमा जोड दिँदै यसका लागि दल तथा आयोग दुवै जिम्मेवार हुनुपर्ने धारणा राख्नुभयो। कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, प्रदेशसभा सदस्य, सरकारी अधिकारी, सञ्चारकर्मी, सुरक्षाकर्मी, नागरिक समाजका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो।

### घर भाडामा लगाउने सम्बन्धी सूचना

**पोखरा-१३, बाँझापाटन मुख्य सडकमा अवस्थित कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि. को भुँइ तलामा रहेको दुई सटर सहित ४ कोठा भाडामा लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्महरुले आजको मितिले ७ दिनभित्र न्युनतम रु ३०,०००।-(तिस हजार रुपैंयाँ) ले नघट्ने गरि बोलकबोल निबेदन पेश गर्नुहुन् यो सूचना प्रकाशित गरिएको छ ।**

**सम्पर्क:**
**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-१३, बाँझापाटन**
**फोन नं. ०६१-५३३८११, ९८५६०६६८११**



# संरक्षित क्षेत्र घोषण र विस्तार खारेजीको माग गर्दै वन महासंघ आन्दोलित

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ पुस**

सामुदायिक वन उपभोक्ता महासंघले संघीय वन ऐन एवम् नियमावलीका साथै संरक्षित क्षेत्र घोषणा तथा विस्तार कार्य समुदायको विरुद्धमा रहेको भन्दै खारेज गर्न माग गरेको छ।



महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले आज गण्डकी प्रदेशका वन, वातावरण तथा भू-संरक्षण मन्त्री दिपक थापालाई कार्यकक्षमा ज्ञापन पत्र बुझाउदै संघीय वन नियमावलीको मस्यौदाको नियम २३(३) मा सामुदायिक वनको ५० प्रतिशत काठ जिल्लावन पैदावार आपुर्ति समितिमा उपलव्ध गराउनु पर्ने व्यवस्था तत्काल खारेज गर्न माग गरिएको छ।

गण्डकी प्रदेशको वन ऐन समुदायको अधिकार सुनिश्चित हुनेगरि सामदायिक वन उपभोक्ता महासंघ नेपालको सहमतिमा तत्काल निर्माण गरि कार्यान्वयनमा ल्याउनु पर्ने ज्ञापन पत्रमा उल्लेख गरिएको छ । प्रदेशमा असफल प्रमाणीत भएको चाक्ला वन र साझेदारी वनको अवधारणालाई निर्माण गरिने प्रदेश वन ऐन मस्यौदामा खारेज गरिनुपर्ने, सामुदायिक वनहरु र सरकारको संयुक्त लगानिमा आधारित गौरबको आयोजना वन उद्यम सञ्चालन गरि हरित रोजगारीका अवसर सिर्जना गरिनुपर्नेमा जोड दिइएको छ।

अन्नपूर्ण संरक्षित आयोजना(एक्याप) लाई गण्डकी प्रदेश सरकारको मातहतमा ल्याई समुदायमा आधारित व्यवस्थापन प्रणाली लागु गर्नुपर्नेमा जोड दिदैं, राष्ट्रिय निकुञ्ज तथा बन्यतन्तु संरक्षण ऐन २०२९ तत्काल खारेज गरि सामुदायिक सहभागितामा नयाँ ऐन बनाएर लागु गर्न पेश गरिएको ज्ञापन पत्रमा उल्लेख गरिएको छ । नेपाल सरकारले बैज्ञानिक वन व्यवस्थापन प्रणालीलाई खारेज गरेमोमा धन्यवाद दिंदै सामुदायिक वन उपभोक्ता समुहको परम्परागत ज्ञान र सिपको प्रयोग गर्दै वनको सघन रुपमा व्यवस्थापन गर्ने खालको अधिकार मुखी दिगो वन व्यवस्थापन पद्धतिमा आधाति दिगो वन व्यवस्थापन मापदण्ड छिटो भन्दा छिटो कार्यान्वयन गर्नुपर्नेमा महासंघको जोडदार माग रहेको छ । सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजनाको अवधी सकिए पश्चात नियमित परिमार्जन गर्ने कार्यका लागि प्रदेश सरकार मातहत रहेका वन कार्यालयहरुबाट तत्काल प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनका लागि प्रदेश मन्त्रालयबाट सम्बन्धित कार्यालयहरुलाई परिपत्र गरी सामुदायिक वनमा सहज वातावरण सृजना गर्नुपर्नेमा ज्ञापनपत्रमा जोड दिइएको छ।

सो अवसरमा मन्त्री थापाले ज्ञापन पत्र ग्रहण गर्दै सरकार र सामुदायिक वन समुहको सहकार्यमा प्राकृति श्रोत साधनको भरपुर उपयोग गर्दै आयआर्जनसंग जोड्नेतर्फ लाग्नुको विकल्प नरहेको बताउनुभयो । प्रदेश वन ऐन तथा नियमावली निर्माण भई रहेको उल्लेख गर्दै तयार भएको मस्यौदालाई अन्तिमरुप दिंन वन महासंघ लगायत सरोकारवाल सवै पक्षसंग छलफल गरेर अन्तिमरुपमा दिइने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो।

स्थानीय समुदायको प्राकृतिक श्रोत माथिको अधिकारको रक्षा गर्दै गरिव तथा विपन्न गएको जीवनस्तरमा सकारत्मक परिवर्तन ल्याउनका लागिपैरवी गर्दै आएको सामुदायिक वन उपभोक्ता महासंघ नेपालमा २२ हजार भन्दा बढी वन समूह आवद्ध रहेको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो । सामुदायिक वनको अधिकार कटौति गर्ने र मानव अधिकारको समेत उल्लंघन गर्नेगरी विभिन्न नामका संरक्षित क्षेत्रहरु घोषणा र विस्तार गर्ने, सामुदायिक वनमा अन्यायपूर्ण किसिमको कर लगाउने र वन पैदावारको नियमित उपयोगमा अवरोध सिर्जना गर्ने जस्ता कृयाकलाप बन्द गर्नुपर्नेमा जोड दिंदै उहाँले भन्नुभयो, मागको सम्वोधन नभएमा महासंघ विरोध सभा, धर्ना लगायत दोश्रो चारणको आन्दोलन गर्न बाध्य हुने छ । सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रिय सचिव ठाकुर भण्डारीका अनुसार अधिकारको सुनिश्चितताको माग गर्दै मुलुकका सात वटै प्रदेशका वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय र जिल्लाका हकमा डिभिजन वन कार्यालयमा माग सहितको ज्ञापन पत्र बुझाउने तयारी भई रहेको छ।

# अन्नपूर्णका विद्यार्थीलाई प्यारािडसो स्पोर्टस् बारको न्यानो कपडा र शैक्षिक सामग्री

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ पुस**



पोखराको लेकसाइडमा रहेको प्याराडिसो स्पोर्टस् बार एण्ड ग्रिलले माछापुच्छ्रे गाउँपालिका ८ ल्वाङघलेल कालिमाटीमा रहेको अन्नपूर्ण आधारभूत विद्यालयका विद्यार्थीलाई न्यानो कपडा प्रदान गरेको छ।

विद्यालयमा रहेका ३० जना विद्यार्थीलाई न्यानो कपडा ज्याकेट, शैक्षिक सामग्री र खेलकुदको सामग्री प्रदान गरेका छन् । प्याराडिसो स्पोर्टस् बार एण्ड ग्रिलका म्यानेजर हरी पौडेल, सुपरभाइजर झम्क ढकाल, सेफ पुर्ण दाहाल लगाएतले विद्यार्थीहरुलाई ज्याकेट र अन्य सामग्री प्रदान गरेका थिए । सामग्री हस्तान्त्रण कार्यक्रममा प्याराडिसोका म्यानेजर हरी पौडेलले शैक्षिक सामग्री र न्यानो कपडाले विद्यार्थीको शिक्षा हासिल गर्नमा सहयोगी हुने बताए। उनले बारको सामाजीक उत्तरदाइत्व अन्तरगत सहयोग गरेको र आगामी दिनमा पनि सहयोग गर्ने बताए । अन्नपूर्ण आधारभूत विद्यालयक व्यवस्थपान समितिका अध्यक्ष दिपकराज ढुङ्गाना, सचिब पशुपति दाहाल, विद्यालयका प्रधानध्यापक दिपलाल दाहालले शैक्षिक सामग्रीको सहयोगले विद्यार्थीमा शैक्षिक उर्जा बढ्ने बताएका थिए।

# महानगर वडास्तरीय व्याडमिन्टनमा वडा नं १६ च्याम्पियन

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ पुस**



पुरुष एकल र पुरुष डबल्स तर्फ स्वर्ण तथा रजत पदक जितेपछि महानगर वडास्तरीय व्याडमिन्टन च्याम्पियन पोखरा महानगरपालिका वडा नं १६ बनेको छ।

पोखरा महानगरपालिका खेलकुद विकास समितिले आयोजना गरेको महानगर वडास्तरीय व्याडमिन्टनमा पुरुष एकल, पुरुष डबल्स तर्फ स्वर्ण पदक जित्दै वडा नं १६ च्याम्पियन बनेको हो । पोखरा रंशगालास्थित व्याडमिन्टन कभर्ड हलमा मंगलबार भएको फाईनल प्रतिस्पर्धामा पुरुष एकल तर्फ विशाल खड्का(१६)ले आफनै वडाका ईशान खड्का(१६)लाई प्रतिस्पर्धात्मक सेटमा पराजित गर्दै स्वर्ण पदक जिते। विशालले ईशानलाई पराजित गर्ने क्रममा २३-२५,२१-१९ र २१-१८ को सेटका नतिजा निकाल्दै स्वर्ण जिते । विशन गुरुङ(१५) र रेशम आले(१७) तेस्रो स्थानमा रहे । पुरुष तर्फकै डबल्स तर्फ इशान र विशाल खड्का(१६)को जोडीले सोही वडाका विशाल बस्नेत र आशिष श्रेष्ठ(१६)लाई सोझो सेटमा पराजित गर्दै स्वर्ण पदक जिते । बस्नेत र श्रेष्ठको जोडीलाई खड्का दाजुभाइको जोडीले २१-१६,२१-१४ को सेटमा पराजित गरेका थिए । तेस्रो स्थानमा भने रविन गुरुङ र विशाल गुरुङ(१७) र विशाल हिराचन र रेशम आले(१७) चित्त बुझाए । महिला एकल तर्फको स्वर्ण भने मेनका गुरुङ(१०)ले जितिन्। मेनकाले आकृति केसी(१०)लाई २१-१९,१७-२१ र २१-१९ को सेटमा पराजित गर्दै स्वर्ण चुमिन् । चन्द्रा छन्त्याल(१५) र शितल केसी(१६)ले कास्य पदकमा चित्त बुझाए । महिला डबल्स तर्फको उपाधि भने पुनम गुरुङ र यामकुमारी गुरुङ(१०)को जोडीले जित्यो। उनीहरुले चन्द्रा छन्त्याल र माया पुन(१५)को जोडीलाई २१-११,२१-७को सेटमा पराजित गर्दै स्वर्ण जित्न सफल भएका हुन्। मेनका गुरुङ र आकृति केसी(१०) र शितल केसी र नमूना खड्का(१६)को जोडी कास्य पदकमा सीमित भए। कास्की जिल्ला व्याडमिन्टन संघको प्राविधिक सहयोग, जिल्ला तथा पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति, गण्डकी प्रदेश खेलकुद परिषदको विशेष सहयोगमा आयोजित प्रतियोगितामा महिला एकल, महिला डबल, पुरुष एकल र पुरुष डबलमा गरी चार वटा इभेण्टमा १४० जना खेलाडीले प्रतिस्पर्धा गरेको प्रतियोगिताका संयोजक भुगोल गुरुङले जानकारी दिए। उनका अनुसार नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै व्याडमिन्टन प्रतियोगिता आयोजना गरिएको हो।

विजेता खेलाडी तथा च्याम्पियन वडालाई राष्ट्रिय खेलकुद परिषदका बोर्ड सदस्य राजेश गुरुङ, प्रदेशसभा सदस्य कृष्ण थापा, पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दिपकबहादुर गोदार, कास्की जिल्ला व्याडमिन्टन संघका अध्यक्ष शुशिलकुमार श्रेष्ठ लगायतले पदक तथा प्रमाणपत्र प्रदान गरेका थिए। प्रतियोगितामा मेनका गुरुङ र रेशम आले इमर्जिङ प्लेयर घोषित हुदैं नगद ५ हजार प्राप्त गरे। प्रतियोगितामा ११औं सागका व्याडमिन्टन महिला एकल तर्फ कास्य पदक विजेता पुनम गुरुङ र व्याडमिन्टन खेलको विकास र विस्तारमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको टप्स माविका प्रिन्सिपल रत्नमान गुरुङलाई दोसल्ला ओढाई सम्मानपत्रबाट सम्मानित गरिएको थियो।

# लायन्सको दशौं महाधिवेशन पोखरामा हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ पुस**

लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बि १ नेपालको दशौं महाधिवेशन पोखरामा हुने भएको छ।

महाधिवेशन तयारीका लागि लायन्स क्लब अफ पोखरा अन्नपूर्णका पूर्व अध्यक्ष डम्बर सिं गुरुङ संयोजक रहले गरी ९ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ । समितिको सह-संयोजकमा लायन्स क्लब अफ पोखरा सेती गण्डकीका पूर्व अध्यक्ष मिलन थापा, लायन्स क्लब अफ हेम्जाका पूर्व अध्यक्ष मोतिराज तिमिल्सीना र लायन्स क्लब अफ पोखरा गण्डकीका पूर्व अध्यक्ष पुजन शाक्य रहेका छन्।

त्यस्तै सदस्य सचिवमा लायन्स क्लब अफ पोखरा लेखनाथ मधुसुदन कोईराला, कोषाध्यक्षमा लायन्स क्लब अफ पोखरा यूनाईटेड चौतारीका पूर्व अध्यक्ष राजु श्रेष्ठ रहेका छन् । सदस्यहरुमा पोखरा सृजना चौतारीका संस्थापक अध्यक्ष बालकृष्ण बराल, पोखरा स्टकका संस्थापक अध्यक्ष नारायणहरी भण्डारी र पोखरा फेवा फुलवारीका संस्थापक अध्यक्ष शंकर बहादुर जी रहेका छन्। साथै, सल्लाहाकारमा पोखरा गण्डकीका पूर्व अध्यक्ष विमला श्रेष्ठ र पोखरा अन्नपूर्णका पूर्व अध्यक्ष सोनाम स्याङपो रहेका छन् । महाधिबेशन माघ २९ गते पोखरा नयाँ बजार स्थित पर्दशनी केन्द्रमा हुने आयोजकले जनाएको छ। महाधिवेशन सफल पार्न विभिन्न ४९ वटा विभिन्न उपसमितिहरु बनाइएको छ।

पर्यटकीय नगरी पोखरामा हुने लायन्सको महाधिवेशनले पोखरा क्षेत्रको पर्यटन प्रवर्द्धनमा प्रत्यक्ष योगदान पुग्ने मूल आयोजक समितिका संयोजक डम्बर सिं गुरुङले जानकारी दिए । देशभरबाट लायन्स सदस्यहरु पोखरा आउने हुँदा महाधिवेशनले पर्यटन क्षेत्रमा प्रत्यक्ष योगदान पुऱ्याउने छ र पोखरा महाधिवेशनलाई सकेसम्म राम्रो र व्यवस्थित बनाइने उनले बताए । हाल नेपालमा कायम रहेका ४ वटा डिष्ट्रिक्टमा सन् २०२२ पछि १५ वटा डिष्ट्रिक्ट हुनेछन् । मल्टीपल डिष्ट्रिक्ट ३२५ नेपालमा ए वान, ए टु, बि वान र बि टु कायम रहेका थिए। यस दशौं महाधिवेशनबाट डिष्ट्रिक्ट ३२५ बि १ नेपालमा ५ वटा डिष्ट्रिक्ट हुनेछन्। जस्मा डिष्ट्रिक्ट ३२५ आई, जे, के, एल र एम हुने दशौं महाधिवेशनका मूल आयोजक समितिका सदस्य-सचिव मधुसुदन कोईरालाले जानकारी गराए।

# यस वर्ष...

कमल बस्ताकोटीले लेखा अधिकृत नभएको सवारी साधनको अभाव भएको गुनासो गर्नु भयो। कार्यालय भवन नै जिर्ण भएको उहाँले बताउनु भयो । जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय पर्वतका थल बहादुर तामाङले विभन्नि योजनामा श्रमदान प्राय शुन्य जस्तै भएको दाबी गर्नुभयो। विभिन्न संघ संस्था र तीन तहका सरकार बिच समन्वय समेत नमिलेको उहाँले गुनासो गर्नु भयो।

पर्वतका प्रमुख जिल्ला अधिकारी देवि पाण्डे खत्रीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रदेशका विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुले कर्मचारी अभाव, सवारी साधानको अभाव, विनियोजित बजेट कम विनियोजन भएको तथा साना र धेरै योजना समेटिएको गुनासो गर्नु भएको थियो । प्रहरी चौकी कार्यालय सहितका भौतिक संरचनामा प्रदेश सरकारले आर्थिक सहयोग गर्न प्रजिअ खत्रीले माग गर्नु भयो।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

**सर्म्पक:**
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस् ।
– सास लिभोसन

## सम्पादकीय

# विवेकशीलमा सधैंको झगडा

नयाँ शक्तिको रुपमा उदाएको विवेकशील साझा चार वर्ष पूरा हुन नपाउँदै फेरि विभाजित बन्न पुगेको छ । विवेकशील साझा पार्टीका केन्द्रीय अध्यक्ष रवीन्द्र मिश्र र संयोजक मिलन पाण्डेबीच विवादका कारण विवेकशील विभाजन भएको हो । अध्यक्ष मिश्रले पार्टी संयोजक पाण्डेलाई पार्टीबाट निकालेका छन् । उनले पाण्डेलाई साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेपछि पार्टी विभाजित भएको छ । यसअघि मिश्रले पाण्डेलाई स्पष्टीकरण सोधेका थिए । पाण्डेले पनि स्पष्टीकरणको जवाफ दिएका थिए । उक्त जवाफ चित्तबुझ्दो नभएकोले कारबाही गरिएको जिकिर मिश्रको छ । विवेकशील पार्टी र साझा पार्टी २०७४ साल फागुन ११ गते एकीकरण भएको थियो । एकीकरणको दुई वर्ष नपुग्दै झगडा शुरु भएको थियो । दुई पार्टी अलगअलग भएका पनि हुन । फेरि एकता गरेर महाधिवेशन गर्नुपर्ने बेलामा झगडा गर्नु ओरालो यात्रा हो ।

पार्टीका निर्णय र नेतृत्वप्रति अनर्गल र भ्रमपूर्ण टिप्पणीसहित निकृष्ट व्यक्तिगत आरोप लगाउने कार्यले वैकल्पिक राजनीतिक शक्ति बन्छु भन्नू झुक्याउने काम मात्र हो । समानान्तर समिति नै घोषणा गर्ने काम पार्टी विभाजनलाई तल सम्म पुऱ्याउने काम हो । पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको पुष ६ गते बसेको बैठकले विवेकशील साझा पार्टीको विधान २०७८ को भाग ७ (३१.१) को अधिकार प्रयोग गर्दै आजकै मितिदेखि लागू हुने गरी पार्टीको सदस्यसमेत नरहने गरी निष्कासन गर्ने निर्णय गरेको छ ।' अध्यक्ष मिश्रले संयोजक पाण्डेलाई हटाएर पार्टीको नाम, लेटरहेड, छाप, चुनाव चिह्न तथा पार्टीसँग सम्बन्धित कुनै पनि सामग्री आजैका मितिदेखि प्रयोग नगर्न र गरे प्रचलित कानुनबमोजिम कारबाही अघि बढाइने जानकारीसमेत गराएका छन् । मिश्रको कारबाही र पाण्डेले अलग्गै केन्द्रीय समिति घोषणा एकैदिन परेको छ ।

संयोजक पाण्डेले मंगलबार २ सय १ सदस्यीय समानान्तर केन्द्रीय समिति घोषणा गरेका छन् । पाण्डेले विज्ञप्ति जारी गर्दै भनेका छन्, ' गत २०७७ साल मंसिर २४ गते तत्कालीन विवेकशील नेपाली दल र साझा पार्टीबीच ऐतिहासिक एकीकरण सम्झौता पत्रमा हस्ताक्षर गर्दै दुई पार्टी एकीकरण भई 'विवेकशील साझा पार्टी' गठन भएको सर्वविदितै छ । विगतका गल्तीका लागि क्षमा माग्दै संविधानवादको जगमा अग्रगामी, गतिशील, मध्य वामपन्थी पार्टीको रूपमा पार्टीलाई अगाडि बढाउँदै एकीकरण भएको मितिले ६ महिनाभित्र एकता महाधिवेशन गर्ने कार्यभारबाट विमुख भएर पश्चगामी, संविधान विरोधी र व्यवस्था विरोधी विचार अङ्गाल्दै पार्टीको एक जना कार्यकारी नेताले मार्ग परिवर्तन गरेपछि पार्टीमा अन्यौल सिर्जना भएकोमा दुख मनाएका छन ।

अध्यक्ष मिश्रसँग संवादमार्फत समाधानको पहल गर्दा राजनीतिक दबाब सिर्जना गरेको आरोप लगाएका छन् । एकीकरणको एक पक्षको नेतृत्व गर्ने पार्टी संयोजक, पार्टीका शीर्ष नेताहरूको तर्फबाट आम सदस्यहरूलाई पार्टीको 'मूल बाटो' स्मरण गराउने र निर्वाचन आयोगमा पार्टीमा भइरहेका अवैधानिक क्रियाकलापको जानकारीसहित निर्वाचन आयोगमा गरेको उजुरीको अन्तिम निर्णय आउन बाँकी रहेको छ । 'आयोगबाट न्याय नपाए अदालत जाने तयारीमा पनि तर, कानुनी प्रक्रिया जारी नै रहेको बेला पार्टीका फरक मत (गणतन्त्र र संविधानका पक्षमा) राख्ने नेताहरूलाई भूमिकाविहीन बनाउने, विभागहरू भङ्ग गर्ने, प्रदेशको नेतृत्व फेर्नेलगायत काम भइरहे । पार्टी एकीकरणको घोषणापत्र र विवेकशील साझा पार्टीको विधान २०७४, (पहिलो संशोधन) अनुसार पार्टीलाई जीवित राख्न र मतदाता, पार्टीका सदस्यहरू तथा वैकल्पिक राजनीतिका शुभेच्छुकहरूको सुझावअनुसार पार्टीलाई सुदृढ बनाउनुपर्ने दायित्व स्मपार्टीको हालको १३० सदस्यीय केन्द्रीय समितिलाई यथावत राख्दै यसमा पार्टीका अन्य महत्त्वपूर्ण पक्षहरू समावेश गरी 'विवेकशील साझा पार्टी सुदृढीकरण अभियान' को तपसिल बमोजिमको केन्द्रीय समिति घोषणा गरेका छौं' विज्ञप्तिमा उल्लेख छ ।

वैकल्पिक राजनीतिको लिगेसीलाई निरन्तरता दिने र विवेकशील साझा पार्टीलाई वैचारिक तथा साङ्गठानिक रूपमा थप सशक्त बनाउने उनको भनाइ छ । यसअघि २७ पुस २०७५ मा विवेकशील र साझा पार्टी फुटेको थियो । पार्टी एकतापछि अध्यक्ष मिश्रले एकलौटी गरेको भन्दै विवेकशीलका उज्जवल थापा अलग भएका थिए । ०७६ असोजमा भएको राष्ट्रिय सम्मेलनबाट मिलन पाण्डे अध्यक्षमा निर्वाचित भएका थिए । विवेकशील अध्यक्षमा पाण्डे आएपछि फेरि पार्टी एकता भएको थियो । पाण्डेले फेरि पार्टी एकताको पहल गर्दा पूर्वअध्यक्ष आठ सयथापाले असन्तुष्टि व्यक्त गरेका थिए । पाण्डेले फेरि पार्टी एकता गरेको भएपनि एक वर्ष पूरा हुन नपाउँदै फेरि विभाजित बन्न पुगेको छ । दोस्रो पटक पार्टी एकता गर्दा ६ महिनाभित्र पार्टीको एकता महाधिवेशन गर्ने सहमति भएपनि अन्ततः विभाजन नै हुन पुग्यो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शत्रुको भय |
| कर्कट | : झमेला बड्ने | मकर | : मानसिक तनाब |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ३५ हजार बालबालिकालाई विद्यालयमै खोप

**पोखरापत्र संवाददाता**
**दमौली, ६ पुस**

तनहुँमा ३५ हजार बालबालिकालाई विद्यालयमै मोडना खोप लगाइने भएको छ । स्वास्थ्य कार्यालय तनहुँको सहकार्यमा दशवटै स्थानीय तहले विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई उक्त खोप लगाउन लागेको हो ।

विद्यालयमा अध्ययन गर्ने १२ देखि १७ वर्ष उमेरसम्मका बालबालिकालाई विद्यालयमै खोप लगाइने स्वास्थ्य कार्यालय तनहुँका खोप अधिकृत शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार खोप अभियान सञ्चालनका लागि सबै स्थानीय तहका स्वास्थ्यकर्मीलाई अभिमुखीकरण प्रदान गरिएको छ । "मोडर्ना खोप अभियान सञ्चालनका लागि स्वास्थ्यकर्मीलाई अभिमुखीकरणसँगै खोप पनि दिएर पठाएका छौ," उहाँले भन्नुभयो, "स्थानीय तहले यसको व्यवस्थापन मिलाउनेछन् ।" जिल्लाको म्याग्दे गाउँपालिकाले पुस ८ गते १३ वटा विद्यालयमा अध्ययनरत बालबालिकालाई खोप लगाउने भएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीका अनुसार पाँच वटा विद्यालयमा खोप केन्द्र तय गरिएको छ । ती विद्यालयमा रहेका एक हजार पाँच सय छ विद्यार्थीलाई खोप लगाइनेछ । पसले आधार भूत विद्यालयका २४, गणपति माध्यमिक विद्यालयका १५०, विजय आधारभूत विद्यालयका नौ, महेन्द्र माध्यमिक विद्यालयका १९३, मिन माध्यमिक विद्यालयका ४००, गणेश माध्यमिक विद्यालयका २७, अकला आधारभूत विद्यालयका १८, प्रभा आधार भूत विद्यालयका १३, आदर्श बोर्डिङ स्कूलका ११०, न्युभिजन पब्लिक स्कूलका ४४, राधा माध्यमिक विद्यालयका ३८९, मेघदह बोर्डिङ स्कूलका ७४ र रत्न माध्यमिक विद्यालयका ५५ विद्यार्थीलाई खोप लगाइनेछ ।

बन्दिपुर गाउँपालिकाले पुस ६ गतेदेखि ८ गतेसम्म खोप अभियान सञ्चालन गर्ने तयारी गरेको छ । गाउँपालिकाले आठ वटा खोपकेन्द्रमार्फत् १५ वटा विद्यालयका विद्यार्थीलाई पहिलो मात्राको खोप लगाउने स्वास्थ्य शाखा प्रमुख अन्जिर भट्टराईले जानकारी दिनुभयो ।

गाउँपालिकाले पवित्रा मावि, विष्णु मावि, जनता आवि, मनास्लु बोर्डिङ, दीपशीखा बोर्डिङ, जगदिश्वर आवि, नोट्रेडम मावि, बिलिभर्स बोर्डिङ, भानु मावि, दिल आवि, कालिका मावि, शिव मावि, अरुण मावि र सेतीगङ्गा आविका विद्यार्थीलाई खोप लगाउनेछ । व्यास नगरपालिकाले पुस १३ गते खोप अभियान सञ्चालन गर्ने तयारी गरेको छ । सरकारले ५७ जिल्लाका १२ देखि १७ वर्ष उमेरसम्मका बालबालिकाका लागि पुस ४ गतेदेखि १४ गतेसम्म पहिलो मात्रा र माघ २ गतेदेखि १२ गतेसम्म दोस्रो मात्रा मोडना खोप अभियान सञ्चालन गर्दैछ । खोपहरू पूर्ण रूपमा सुरक्षित रहेकाले निर्धक्क भई बालबालिकालाई खोप लगाउन प्रेरित गर्न सरकारले आग्रह गरेको छ ।

# एमसिसीबारे सत्तारूढ पाँच दलको साझा धारणा बन्छ : श्रममन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**तनहुँ, ६ पुस**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) बारे सत्तारूढ पाँच दलको साझा धारणा बन्ने बताउनुभएको छ ।

गृहजिल्ला तनहुँको दमौलीमा सोमबार सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री श्रेष्ठले सत्तारुढ गठबन्धनमा एमसिसीबारे साझा धारणा बनाउन कार्यदल गठन भएको र छिट्टै साझा धारणा सार्वजनिक गरिने बताउनुभयो । एमसिसीका अन्तरवस्तुका बारेमा पार्टीभित्र पनि छलफल भइरहेको उहाँको भनाइ थियो ।

फरक प्रसङ्गमा मन्त्री श्रेष्ठले श्रम क्षेत्रमा वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन, नीतिगत सुधार गर्न, श्रम कूटनीतिलाई प्रभावकारी बनाउन आफू केन्द्रित रहेको बताउनुभयो । देशभित्र रोगजारीको अवसर वृद्धि गर्ने, स्वरोजगारीका लागि प्रोत्साहित गर्ने तथा सम्मानजनक वैदेशिक रोजगारीका लागि विभिन्न सुधारका काम अघि बढाइएको उहाँले बताउनुभयो । वैदेशिक रोजगारीका नाममा हुने ठगी र छलीका घटना अन्त्य गर्न कार्यदल बनाएको बताउनुहुँदै उहाँले वैदेशिक रोजगार नीति तथा कार्ययोजना पुनरावलोकन गर्न लागिएको बताउनुभयो । रोजगारीका लागि तुलनात्मक लाभ भएका रोजगार गन्तव्य मुलुकहरूको खोजी गर्ने र उक्त मुलुकमा नेपाली श्रमिकको हकहित संरक्षण र संवर्द्धनका लागि पहल गर्नेसमेत उहाँले बताउनुभयो ।

## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि नदिपुरसम्म जाँदा २०७८/०७/१० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**
**नाम: गंगा अधिकारी (पौडेल)**
**ठेगाना: भलाम–३, कास्की**
**विमा लेख नं. १३००२६३७३**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**सम्पर्क मो. ९८४६०४८८२१**

# स्वर्ण त्रिकोणको प्रवर्द्धनात्मक भ्रमण

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ पुस**

पोखरा, चितवन र लुम्बिनीबीचको पर्यटकीय साझेदारी बढाउने उद्देश्य अनुरुप 'स्वर्ण त्रिकोण' को अवधारणका साथ नेपाल पर्यटन बोर्डको आयोजनामा गरिएको प्रवर्द्धनात्मक भ्रमण सम्पन्न भएको छ । पर्यटनको राजधानीका रुपमा विकास गर्न खोजिएको पोखरा, वन तथा वन्यजन्तु, पर्यापर्यटनको आकर्षक गन्तव्य चितवन र सांस्कृतिक पर्यटनको गन्तव्य लुम्बिनीबीच पर्यटकीय साझेदारी बढाउने उद्देश्यले गत शुक्रबारदेखि यी क्षेत्रको चार दिवसीय प्रवर्द्धनात्मक भ्रमण गरिएको थियो ।

नेपाल पर्यटन बोर्ड, पर्यटन सम्बद्ध सङ्घ संस्थाका प्रतिनिधि एवं व्यवसायी र तीनै क्षेत्रका सञ्चारकर्मी सहभागी टोलीले चितवन, लुम्बिनी र पोखराका विभिन्न पर्यटकीयस्थलको अवलेकन गरेको थियो ।

भ्रमणका क्रममा पोखरामा आयोजित छलफलमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख काशीराज भण्डारीले पोखरा, चितवन र लुम्बिनीका आ-आफ्नै पर्यटकीय विशेषता भएको बताउँदै यिनीहरूबीचको साझेदारी बढाउने उद्देश्यले भ्रमण आयोजना गरिएको बताउनुभयो । स्वर्ण त्रिकोणको अवधारणाका साथ प्रवर्द्धनात्मक भ्रमणमार्फत प्रयास थालिएको बताउँदै उहाँले सबैको साथ र सहयोगमा यी क्षेत्रको पर्यटकीय विकासलाई अघि बढाउन सकिने बताउनुभयो । पोखरा पर्यटन परिषद्का उपाध्यक्ष पोमनारायण श्रेष्ठले कोरोना प्रभावित पर्यटनको पुनरुत्थानका साथै आन्तरिक पर्यटनको विकासका लागि स्वर्ण त्रिकोणको अवधारणा बहुउपयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो । नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स( नाट्टा) गण्डकी प्रदेशका प्रथम उपाध्यक्ष हरिराम अधिकारीले पोखरा, चितवन र लुम्बिनीको आ-आफ्नै पर्यटकीय सम्भावना रहेको बताउँदै यिनीहरूबीचको पर्यटकीय साझेदारीका लागि स्वर्ण त्रिकोणको अवधारणा महत्वपूर्ण हुने धारणा राख्नुभयो । यी तिनै स्थानलाई जोड्नका लागि हवाई तथा सडक सञ्जाल प्रभावकारी बन्नुपर्नेमा उहाँको जोड छ । नेपाल हवाई खेलकूद संस्था( ना) पोखराका अध्यक्ष कृष्ण भण्डारीले स्वर्ण त्रिकोणको अवधारणालाई प्रभावकारी बनाउन सकेमा यसले यस क्षेत्रको आन्तरिक पर्यटन प्रवर्द्धनमा ठूलै टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

पोखरा, चितवन र लुम्बिनी (स्वर्ण त्रिकोण)को पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ स्वर्ण त्रिकोण पत्रकारमञ्च गठन गरिएको छ । पर्यटन क्षेत्रमा कलम चलाउने सञ्चारकर्मी सम्मिलित उक्त मञ्चको संयोजकमा दीपेन्द्र बडूवाल(लुम्बिनी) रहनुभएको छ भने सह संयोजकद्वयमा वासुदेव पौडेल (पोखरा) र शालिकराम नेपाल (चितवन) रहनुभएको छ ।

मञ्चको सचिवमा नरेश केसी र सदस्यमा कोमलचन्द्र भगत, अनिल ढकाल, प्रकाश ज्ञवाली, अमृत सुवेदी, राजेश घिमिरे, अनुप पौडेल, युवराज श्रेष्ठ, सुनिल पोखरेल, तेजेन्द्र केसी, प्रकाश न्यौपाने, प्रतिक पौडेल र दीपक परियार हुनुहुन्छ । सल्लाहकारमा इश्वर जोशी, सन्तोष पोखरेल, चिन्तामणि पौडेल, रामराज पोखरेल, परशुराम शर्मा र माधव ढुङ्गाना रहनुभएको छ । त्यस्तै संस्थागत रुपमा नेपाल पर्यटन बोर्ड गण्डकी, लुम्बिनी र वाग्मतीका प्रमुख, कास्की, चितवन र लुम्बिनीका पत्रकार महासङ्घका सभापति, पोखरा पर्यटन परिषद्का सभापति, गण्डकी, लुम्बिनी र वाग्मती प्रदेशका पर्यटन सम्बद्ध संस्था नाट्टा, हान, टान, रेवान, हवाई खेलकूद संस्थाका अध्यक्षलाई मञ्चको सल्लाहकारमा चयन गरिएको छ ।

**माछापुच्छ्रे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लाहाचोक, कास्की**
**गण्डकी प्रदेश, नेपाल**


## प्रारम्भिक वातावरणीय परीक्षण गर्ने बारेको सूचना

प्रकाशित मिति : २०७८/०९/०६ गते

**यस गाउँपालिकाको वडा नं. ४ लाहाचोक (चोरखोल्छा) मा रहेको कि.नं. ६६५, ६६६, ६६७, ६६९, ६६८, ४८६, ४७५ को गण्डकी एग्रीगेट प्रा.लि.को स्वामित्वमा भएको क्षेत्रबाट छिमेकीलाई असर नगर्ने गरी माटो, बालुवा र ग्राभेल उत्खनन् तथा संकलन गर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी प्रतिवेदनको आधारमा वातावरण मैत्री तरिकाले माटो, बालुवा र ग्राभेल उत्खनन् तथा संकलन गर्न आवश्यक भएकोले आफ्नो कुनै राय सुझाव भए ७ (सात) दिनभित्र यस कार्यालयमा पेश गर्न वातावरण संरक्षण नियमावली २०७७ को दफा ५ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**राय सुझाव दिने स्थान:**
**१) माछापुच्छ्रे गाउँपालिका /गाउँ कार्यपालिकाको कार्यालय**
**लाहाचोक, कास्की**
**प्रस्तावक:**
**गण्डकी एग्रीगेट प्रा.लि., माछापुच्छ्रे गाउँपालिका-४, कास्की**

## हार्दिक बधाई



**श्री बुद्धिबहादुर रानाभाट**

यस एजेन्सीका शुभचिन्तक, नेकपा (एस) कास्की जिल्ला सदस्य, रानाभाट समाजका पुर्व केन्द्रिय सदस्य तथा कास्की जिल्लाका संस्थापक अध्यक्ष, विभिन्न संघसंस्थामा सक्रिय, समाजसेवी, पोखरा ९ दरबारथोक निवासी श्री बुद्धिबहादुर रानाभाट पवित्र बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-९, कास्कीको अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

कृष्ण रानाभाट
तथा
**दरबारथोक एड्भरटाईजिङ एजेन्सी परिवार**
पोखरा-९, न्युरोड

# पोखरामा आन्तरिक पर्यटकको चहलपहल

-जमुना वर्षा शर्मा
पोखरा, ६ पुस (रासस)

लामो समयको कोरोना महामारीको सामना गरिरहेको पोखराको पर्यटन क्षेत्रले यतिबेला केही राहत महसुस गरेको छ । कोभिड- १९को खोपको सहजतासँगै सङ्क्रमणदर कम हुँदै गएपछि यहाँ आन्तरिक पर्यटक बढ्नाका साथै सभा सम्मेलनलगायत कार्यक्रम पनि बढ्दै गएको पाइएको छ । कोरोनाका कारण लामो समयदेखि रोकिएका सभा,सम्मेलन, अधिवेशन, लोकसेवा आयोगका परीक्षा, अध्ययन, अवलोकन, भ्रमणलगायतको सुरुआतले यहाँको पर्यटनले गति लिन थालेको महसुस गरिएको हो ।

केही समयअघि यहाँ नेपाली कांग्रेसको १४औँ महाधिवेशन, नेकपा (माओवादी) केन्द्र गण्डकी प्रदेशको प्रथम अधिवेशन सम्पन्न भयो । त्यसैगरी लोकसेवामा आयोगका विभिन्न पदको परीक्षाका कारण साना ठूला होटलमा लामो समयपछि पाहुनाको चलहपहल देखिएको हो । यसलगत्तै पछिल्लो समय नेपाल जेसिसको राष्ट्रिय सम्मेलन, नेशनल लाइफ इस्योरेन्सको सम्मान कार्यक्रम पनि भयो । पर्यटकीय याम भएकाले विभिन्न जिल्लाका विद्यालय, कलेज र सहकारीबाट दैनिक १०/१५ बस अध्ययन अवलोकनका लागिसमेत आउने गरेको पश्चिमाञ्चल होटल सङ्घ (हान)का अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो । उहाँले भन्नुभयो,“कोरोनाले थलिएको पर्यटनमा पछिल्लो समय पोखरा केन्द्रित विभिन्न कार्यक्रमले पर्यटन व्यावसायीमा राहत मिलेको छ ।” पोखरामा करिब ७०० पर्यटकीयस्तरका होटलमा ३० हजारभन्दा बढी शैया छन् ।

अध्यक्ष सुवेदीका अनुसार पछिल्लो १० दिनको बीचमा करिब दुई लाख आन्तरिक पर्यटक यहाँ आएका छन् । जस्मा एक लाख तीन हजारले परीक्षा दिएको लोकसेवा आयोगको कार्यालयले जनाएको छ । सडक महोत्सवका कारण पनि पोखरामा आन्तरिक पर्यटकको सङ्ख्या थपिने उहाँको विश्वास छ ।

इस्वी सम्बतको नयाँ वर्षमा पोखरामा हुने सडक महोत्सवमा आउने पाहुना र लोकसेवाको परीक्षा दिने परीक्षार्थीलाई २० देखि ३० प्रतिशतसम्म विशेष सहुलियत दिइने व्यवस्था हानले गरेको पनि उहाँले जानकारी दिनुभयो । माउण्ट कैलाश होटलका सञ्चालक एवं २३औँ सडक महोत्सवका संयोजक नरेश भट्टराईले अहिले होटलमा आन्तरिक पर्यटकको आगमन निकै राम्रो भएको बताउनुभयो ।

“कोरोनाको सङ्क्रमण पछिको समयमा होटलका करिब सतप्रतिशत कोठा बुकिङ भए, पाहुनाको आगमन राम्रो भएको छ । यसले केही आशा जगाएको छ ।” उहाँले भन्नुभयो, “अङ्ग्रेजी नयाँ वर्षमा पोखरामा हुँदैआएको सडक महोत्सवले पनि पोखरामा आन्तरिक पर्यटक बढ्ने अपेक्षा गरिएको छ । यहाँ पुस १५ गतेदेखि १७ गतेसम्म “समृद्ध समाजका लागि सुरक्षित पर्यटन प्रवर्द्धन आजको मूल आवश्यकता” भन्ने नाराका साथ महोत्सव हुँदैछ ।”

पोखरा पर्यटन परिषदका अध्यक्ष गोपीबहादुर भट्टराईले कोरोनाको न्यूनीकरणपछि यहाँ आन्तरिक पर्यटकको आगमनले व्यवसायीलाई उत्साह प्रदान गरेको बताउनुभयो। “अहिले विभिन्न कार्यक्रमले पर्यटन व्यवसायलाई आशलाग्दो बनाएको छ । मौसममा पनि सुधार हुन थालेकाले पर्यटकको बसाइँ पनि लम्बिएको छ ।” उहाँले ओमिक्रोन भाइरस देखिएपछि फेरि पर्यटन ठप्प हुने हो कि भन्ने चिन्ता व्यवसायीमा देखिएको जनाउँदै सरकारले यसको नियन्त्रणका लागि पूर्वतयारी र पर्यटनमैत्री वातावरण निर्माणका लागि रणनीतिक योजना ल्याउन आवश्यक रहेको छ भन्नुभयो ।

पर्यटन अर्थतन्त्रको बलियो आधार भएकाले विस्तारै लयमा फर्कन लागेको पर्यटनलाई गति दिन सरकारले पनि विशेष पहल थाल्नुपर्नेमा अध्यक्ष भट्टराईले जोड दिनुभयो । नेपाल पर्यटन बोर्डका पूर्वसदस्य टीकाराम सापकोटाले पर्यटनलाई समृद्धिको मुख्य आधार बनाउन कोभिड पछाडिको अवस्थालाई अध्ययन गरेर नयाँ सोच र खोजको आवश्यकता रहेको बताउनुभयो । अहिले आन्तरिक पर्यटकल गर्दा यहाँको पर्यटन केही चलायमान भए पनि ठूलो लगानी भएका पर्यटन क्षेत्रलाई विदेशी पर्यटक नै भित्र्याउनुपर्नु खाँचो रहेको र त्यसका लागि नीतिगत योजना आवश्यक रहने उहाँको भनाइ थियो । “अब विदेशी पर्यटकको सङ्ख्या कसरी बढाउने, पर्यटकको बसाइँ कसरी लम्ब्याउने, पर्यटन र उत्पादनलाई कसरी जोड्ने, पर्यटकीय गन्तव्यको पहिचान र प्रवर्द्धन कसरी गर्नेलगायत विविध सवालको उत्तर खोजी गरेर पर्यटन प्रबर्द्धन कार्यक्रमको तर्जुमा आवश्यक देखिन्छ”, पूर्वसदस्य सापकोटाले भन्नुभयो । उहाँका अनुसार पोखराको पर्यटनमा करिब चार खर्ब र ५० हजारले रोजगार प्राप्त गरेका छन् ।

अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल सञ्चालनपछि पोखरामा ‘माइस टुरिज्जम’ अझै बढ्ने र त्यसका लागि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र स्थापना अपरिहार्य छ ।

प्रदेशको नीति तथा योजना आयोगले २०७६ मा प्रकाशित गरेको प्रदेशको स्थितिपत्रानुसार विदेशी पर्यटकको सरदर बसाइँ १३ दिन र दैनिक खर्च ५४ अमेरिकी डलर मात्र छ तर गण्डकी प्रदेशमा आउने विदेशी पर्यटकको बसाइँबारे यकिन तथ्याङ्क छैन ।

पर्यटन व्यवसायीका अनुभवमा उनीहरूको पोखरा बसाइँ ४–५ दिनभन्दा बढी नभएको र दैनिक खर्च राष्ट्रियरुपमा विदेशी पर्यटकले गर्ने खर्च बराबर मात्र छ ।

# स्वास्थ्यचौकी निर्माणमा चरम लापरबाही

पोखरापत्र संवाददाता
बागलुङ, ६ पुस

वर्षात्मा छत चुहिने समस्या त छँदै थियो त्यहीमाथि भुइँतलाका कोठाको सतह उठ्ने, भत्कने हुन थाल्यो ।

जोखिम बढ्ने देखेर स्वास्थ्यचौकी इञ्चार्ज प्रकाश महतराले तत्कालै कामदार लगाएर मर्मत थाल्नुभयो । गैंतीले भुइँतलाको ढलान खोस्रदा मुनपट्टि माटो, ढुङ्गा, टायलका चपेरा, बोरा, किलालगायत असरल्ल भेटिए । हाते औजारको सहायताले यति सजिलै ढलान तोडियो कि मानौँ त्यहाँ बाली लगाउन माटो खनिँदै थियो ।

यो कुरा गत असारको हो । गुणस्तरहीन निर्माण सामग्री, अदक्ष कामदार, निर्माण व्यवसायीको चरम लापरबाही र अनुगमनकारी निकायको अनदेखाका कारण एउटा स्वास्थ्यचौकी भवन कतिसम्म दुर्दशामा पुग्छ भन्ने उदाहरण हो, यो । जैमिनी नगरपालिका-८ को छिस्ती स्वास्थ्यचौकी भवन निर्माण पूरा भएर उद्घाटन भएको आउँदो फागुन ७ गते बल्ल दुई वर्ष पुग्दैछ । त्यसबेला गण्डकी प्रदेशसभाका सदस्य मणिभद्र शर्मा कँडेलले नवनिर्मित स्वास्थ्यचौकी भवनको उद्घाटन गर्नुभएको थियो । विडम्बना दुई वर्ष नबित्दै उक्त स्वास्थ्यचौकी भवन जीर्ण बन्न पुगेको छ । कुनै प्राविधिक ज्ञान नभएको सर्वसाधारणका नजरबाट हेर्दा पनि त्यो भवन वर्षौं पुरानोभैंँ लाग्छ । छत ठाउँठाउँमा चर्किएको छ । वर्षात्मा अधिकांश कोठामा पानी चुहिन्छ । शौचालय बुझिएर प्रयोगमा छैन । प्लाष्टर, रङरोगन फुङ्ग उडेको छ । भवनको ‘फिनिसिङ’ स्तरहीन छ । राज्यको करोडौँ लगानीमा ठडिएको भवन असमयमै बेहाल स्थितिमा छ ।

“निर्माण सकेर हस्तान्तरण नहुँदै भवन चुहिन थालेको हो, हामीले त्यतिबेलै आवाज उठायौँ, तर कसैले सुनेन”, स्वास्थ्यचौकी इञ्चार्ज महतराले भन्नुभयो, “भवनको गुणस्तर परीक्षण गर्ने हो भने सम्बन्धित सबै पक्ष कानूनी कारबाहीमा पर्ने अवस्था छ ।” उहाँले भवन निर्माणमा कुनै पनि मापदण्ड पूरा नगरिएको गुनासो गर्नुभयो । सेवा प्रवाह नै रोकिने स्थिति आएपछि वडाको रु २५ हजार र आफ्नो व्यक्तिगत रु २८ हजार खर्चेर भवनको अस्थायी मर्मत गरिएको इञ्चार्ज महतराले सुनाउनुभयो । सङ्घ सरकारको रु एक करोड ५६ लाखको लागतमा तत्कालीन सहरी विकास तथा भवन डिभिजन कार्यालयमार्फत स्वास्थ्यचौकी भवन बनेको हो । भवन बनाउने जिम्मा पाएको ओखलढुङ्गा-बिएमए-जयकालिका संयुक्त निर्माण कम्पनीले विसं २०७६ मङ्सिर २२ मा भवन हस्तान्तरण गरेको थियो । दुई वर्षमै समस्या देखिएपछि भूकम्पप्रतिरोधी क्षमताको भनिएको उक्त भवनको गुणस्तरमा शङ्का उब्जेको छ । स्थानीयवासीले अनुगमनकारी निकाय र इञ्जीनियरले कसरी भवन पास गरे ? भनेर प्रश्न गर्न थालेका छन् । वडा सदस्य कर्णसिंह पुनले भवन बनाउँदा कमसल सामग्रीको प्रयोग गरिएको बताउनुभयो । “सुरुमा झ्यालढोकामा सालको काठ प्रयोग गर्ने भन्ने थियो, पछि कच्चो सल्लाको काठ हाले, सिमेन्ट, बालुवा पनि कमसल प्रयोग गरे”, उहाँले भन्नुभयो, “गलत भयो भन्दा हामीलाई उल्टै थर्काए, अहिले स्वास्थ्यचौकी हेर्न लाएक पनि छैन ।” दुईतले भवनमा प्रशासन, उपचार, प्रयोगशाला, प्रसूति, औषधि भण्डारलगायत कक्ष छन् । कर्मचारीलाई आवास सुविधासमेत त्यही छ । निर्माण बलियो र भरपर्दो नहुँदा भवनमा सुरक्षा खतरा देखिएको इञ्चार्ज महतराको भनाइ छ । “प्रसूति केन्द्र पनि भएकाले यहाँ महिनामा छ/सातवटा प्रसूति हुन्छन्, दैनिक आउने बिरामीको उस्तै चाप छ”, उहाँले भन्नुभयो, “भवन गुणस्तरीय र सुरक्षित नहुँदा सेवा प्रवाहमा कठिनाइ छ ।” नवनिर्मित भवनमा रहेको शौचालय काम नलाग्ने भएर बुझिएपछि प्रयोगमै नरहेको उहाँको भनाइ छ । शौचालय बुझिँदा स्वास्थ्यचौकी नै दुर्गन्धित भइरहेको छ । वर्षौंसम्म जीर्ण भवनबाट चलेको स्वास्थ्यचौकी नयाँ भवनमा सरेपछि खुशी बनेका छिस्तीवासी गुणस्तरहीन निर्माण देखेर अहिले आक्रोशित छन् ।

निर्माण कम्पनीका प्रतिनिधि सन्तोष चोखालले प्राविधिक त्रुटि देखिए त्यसलाई सच्चाउने र मर्मतसुधार गर्ने दायित्व आफूहरूको रहेको बताउनुभयो । अहिलेसम्म स्वास्थ्यचौकी भवनमा देखिएको समस्याबारे कम्पनीलाई आधिकारिक जानकारी नआएको उहाँको भनाइ छ । स्वास्थ्यचौकी व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका वडाध्यक्ष विजय शर्मा अधिकारीले पटक-पटक अनुरोध गर्दा पनि निर्माण व्यवसायीले मर्मतका लागि कामदार पठाउँछौँ भन्दै ढाँटेको बताउनुभयो । “आधिकारिक जानकारी नपाएको भन्ने सुनियो, अब पत्र नै लिएर जान्छु, हेरौँ के गर्छन्”, उहाँले भन्नुभयो ।

# लिफ्ट खानेपानी आयोजना प्रयोगमा आउन सकेन

पोखरापत्र संवाददाता
म्याग्दी, ६ पुस

म्याग्दीका बेनी नगरपालिका-१० पात्लेखेतमा लाखौँ खर्चेर निर्माण भएको लिफ्ट खानेपानी आयोजना प्रयोगमा आउन सकेको छैन ।

दुई वर्षअघि निर्माण भएको आयोजना प्रयोगमा नआउँदा सफा, स्वच्छ र सुरक्षित खानेपानी सहजरुपमा उपभोग गर्ने पात्लेखेतवासीको वर्षौंदेखिको सपना अधुरो छ । स्थानीयवासी केदारनाथ शर्माले एकातर्फ लाखौँ लगानी भएको आयोजना प्रयोगविहीन बन्ने र अर्कोतर्फ उपभोक्ताले खानेपानीका लागि दुःख पाउने अवस्था रहेको बताउनुभयो । “निर्माण भएका संरचना प्रयोगमा नआउँदै जीर्ण बनेका छन”, उहाँले भन्नुभयो, “खानेपानी आपूर्ति नहुँदा उपभोक्ताको समस्या जस्ताको तस्तै छ ।” बेनी नगरपालिकाले आव २०७६/७७ मा पात्लेखेतमा काछलुङ लिफ्ट खानेपानी योजना निर्माणका लागि रु ४८ लाखमा ठेक्का सम्झौता गरेका थियो ।

नगरपालिकाका इञ्जिनीयर विमल रञ्जन कार्कीका अनुसार आयोजना निर्माणमा रु ३९ लाख खर्च भएको छ । “कोभिडको पहिलो लहर फैलिएपछि गरिएको बन्दाबन्दीले असारमा सुरु गरेर एकै महिनामै निर्माण गर्नुपर्ने अवस्था आयो”, उहाँले भन्नुभयो, “बर्खाको खेतीबाली लगाउने याम भएकाले बाली लगाएको जग्गामा वितरण तथा मुख्य लाइन योजनाअनुसार बनाउन सकिएन् ।”

साठी घरधुरीलाई खानेपानी वितरण गर्ने उद्देश्यले सञ्चालित योजनामार्फत पात्लेखेतको फेदी कात्लुङमा दुई वटा इन्टेक, दुई वटा ट्याङ्की निर्माण, मुख्य लाइन र सौर्य ऊर्जामार्फत पानी तान्ने प्रविधि जडान भएको थियो ।

गत आव २०७७/७८ मा बेनी नगरपालिको थप रु दुई लाख विनियोजन गरेर मुख्य लाइन सिधा बनाएपछि केही समय आयोजना सञ्चालनमा आएको थियो । बर्खामा पहिराले सङ्कलन च्याम्बर र दुई वटा इन्टेक बगाएपछि खानेपानी आपूर्ति हुन नसकेको स्थानीयवासी शिबहादुर शाहीले बताउनुभयो । “पुरानो ट्याङ्कीमा नयाँ आयोजनाको पानी सङ्कलन गरेर वितरण गर्ने व्यवस्था मिलाउन खोजिएको थियो”, उहाँले भन्नुभयो, “उपभोक्ता बढेका र पुरानो मुहानको पानी कम भएकाले समस्या भएको छ ।” स्रोत कम भएकाले पानी भर्न पालो लगाउने गरेका छन् । सीमित सङ्ख्याको सार्वजनिक धारामा पानी भर्न स्थानीयवासीको भीड लाग्ने गरेको छ । कतिपयले धाराबाट घरमै निजी पाइप जोडेर पानी लैजाने गरेका छन् । व्यवस्थापनमा चुनौती र पानीले सामाजिक द्वन्द्व बढाएको छ ।

पात्लेखेतका कार्यवाहक वडाध्यक्ष लोकबहादुर पुनले क्षतिग्रस्त लिफ्ट खानेपानी आयोजनाका संरचना मर्मत गरी पुनःसञ्चालनकालागिनगरपालिकामा प्रस्ताव गरेको बताउनुभयो ।

# अनुदानमा कुटानीपिसानी मेसिन

पोखरापत्र संवाददाता
तनहुँ, ६ पुस

म्याग्दे गाउँपालिकाले किसानलाई अनुदानमा कुटानीपिसानी मेसिन वितरण गरेको छ । रु ३८ हजार मूल्य पर्ने उक्त मेसिन किसानलाई रु १९ हजारमा उपलब्ध गराइएको हो । किसानको मागअनुरुप १७ वटा मेसिन खरिद गरी किसानलाई हस्तान्तरण गरिएको गाउँपालिकाका कृषि प्राविधिक सहायक प्रशान्त लामिछानेले बताउनुभयो । गाउँपालिकाले समूह बनेर आएका किसानलाई प्राथमिकता दिई वितरण गरिएको र केही व्यक्तिलाई पनि वितरण गरिएको उहाँले बताउनुभयो । गाउँका केही स्थानमा मेसिन हुँदा लामो दूरी जानुपर्ने समस्याको अन्त्य भएको उहाँले जानकारी दिनुभयो । अलिकति धान कुट्न वा अन्य कुटानीपिसानीका काम गर्नको लागि घरको अन्य काम धन्दा छोडेर लामो समय खर्चिनुपर्ने बाध्यता रहेको थियो ।

## Pokhara Metropolitan City
## Office of Municipal Executive
**Newroad, Pokhara**
**Gandaki Province, Nepal**

## NOTICE OF INTENT OF ACCEPTANCE

**Date of Publication 2078/09/07 (22nd Dec 2021)**

For the provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for the contract as per the IFB Notice published on different dates on National Daily, that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the Contract.

| SN | Name of Project | Contract Identification No | Name of Successful Bidders | Bid Amount (Excluding VAT & PS), NRs | IFB Notice Publication dates |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Museum Mahatagauda Road, PMC-17 | 26/PMC/NCB/W/ 078-079 (IFB No: 8.2/PMC/ 078-079) | Ashika Construction and Builders, PMC-33 | 65,60,622.00 | 18th Aswin 2078 |

Chief Administrative Officer

## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना

(तेस्रो प्रकाशित मिति २०७८/०९/०७)

**यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक–पटक मौखिक, लिखित तथा मिति २०७८/०७/१६ मा अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिका मार्फत ३५ दिने, मिति २०७८/०८/२१ मा पोखरापत्र राष्ट्रिय दैनिक पत्रिका मार्फत १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनु पर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै–दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम ३५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।**

**तपशिलः**

| सि.नं. | ऋणी सदस्यको नाम थर | धितो विवरण |
|---|---|---|
| १ | • सोम बहादुर वि.क.को बुहारी अशोक कुमार वि.क.को श्रीमती तनहुँ जिल्ला मनपाङ गा.बि.स. वडा नं. ९ बस्ने<br>ऋणी : लालीमाया वि.क.<br>• सोम बहादुर वि.क.को छोरा तनहुँ जिल्ला मनपाङ गा.बि.स. वडा नं. ९ बस्ने<br>धनजमानत : अशोक कुमार वि.क. | लालीमाया वि.क. को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला साभुङ भगवती गा.वि.स. वडा नं. १ सिट नं.१/ख को कित्ता नं. १६९ र ३४२ को क्षेत्रफल १–६–३–० र १–६–१–० को जग्गा |
| २ | • गन्ज बहादुर कार्कीको नाति मान बहादुर कार्कीको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १० बस्ने<br>ऋणी : कमल बहादुर कार्की<br>मान बहादुर कार्कीको बुहारी कमल बहादुर कार्कीको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १० बस्ने<br>धनजमानत : उषा कार्की | कमल बहादुर कार्कीको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको छिनेडाडा गा.वि.स. वडा नं. ३ को कित्ता नं. ९९९८ र ४२८७ को क्षेत्रफल ०–८–२–२ र ०–११–१–१ को जग्गा |

**नोटः यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-538833, 537833, 520833, 520933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com